# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १) धनगढी, कैलाली, कार्त्तिक १२ गते, २०७५ साल (संख्या २

# भाग ३

## प्रदेश सरकार
## सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली
## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सुचना

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम यस प्रदेश नं. ७ को स्थायी राजधानी कैलाली जिल्लाको गोदावरी नगरपालिका वडा नं. २ र ४ मा पर्ने (तेघरी स्थित नेपाली सेनाको ब्यारेक रहेको स्थानदेखि उत्तर-पश्चिम, गोदावरी धनगढी डडेल्धुरा सडकदेखि पश्चिम, गोदावरी खोलादेखि पुर्व, गोदावरी बजारदेखि दक्षिण यति चार किल्ला भित्र) गोदावरी भन्ने स्थानमा रहने र प्रदेश नं. ७ को नाम “सुदूरपश्चिम प्रदेश” र यस प्रदेशको अंग्रेजीमा नामाङ्कन गर्दा “SUDUR PASHCHIM” कायम हुने

गरी तपसिलमा उल्लेख भएको व्यहोरा समेत सभामा तत्काल कायम रहेका सदस्यहरुको दुई तिहाई बहुमतबाट निर्णय गरियोस् भन्ने प्रस्ताव प्रदेश सभाको मिति २०७५ साल अश्विन १२ गतेको ४६ औं बैठकबाट नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम सभामा तत्काल कायम रहेका सदस्य संख्याको दुई तिहाई बहुमतबाट पारित भएकोले सम्बन्धी सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

## तपसिल

१. **डोटी जिल्लाको दिपायलका हकमा :-**

साविक सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको सदरमुकाम डोटी-दिपायलको ऐतिहासिकता तथा जनभावनाको उच्च सम्मान गर्दै त्यहाँ रहेका क्षेत्रीय कार्यालयहरुलाई प्रचलित कानूनी व्यवस्था बमोजिम सोही स्तरकै कार्यालयहरुको प्रयोजनमा ल्याउने र सो स्थानान्तरण नगर्ने साथै प्रदेश स्तरका तालिम केन्द्र, प्रतिष्ठान तथा विभिन्न सेवामूलक संघसंस्थाहरु आवश्यकता अनुसार स्थापित गर्दै जाने ।

२. **हालको अस्थायी राजधानी रहेको स्थान धनगढीका हकमा :-**

प्रदेशको स्थायी राजधानीका लागि तोकिएको स्थानमा भौतिक संरचनाहरु निर्माण नहुँदासम्म हाल प्रदेश नं. ७ को अस्थायी राजधानीका रुपमा रहेको धनगढीमा नै प्रदेश सभा तथा प्रदेश सरकार लगायतका कार्यालयहरु रहने ।

३. **प्रदेशको अंग्रेजी नामका हकमा :-**

यस प्रदेशको अंग्रेजीमा नामाङ्कन गर्दा "SUDUR PASHCHIM" रहने ।

**आज्ञाले,**
**वीरेन्द्र बहादुर के.सी**
**नि.सचिव**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू ५।-**
**गो.ह.द.नं. १६।२०६२।६३**